मियानो आर्थिक उपाय कार्यकारी समिति सचिवालय (उचुनोमिया आर्थिक विभाग वाणिज्य र उद्योग प्रवर्द्धन विभाग)

## प्रिमियम दर २०% को लाभदायक प्रिमियम गिफ्ट भौचर

# "मिया नो तोकु x तोकु टिकट/कुपन"बिक्रि गर्दछौं।

युक्रेनको हालको अवस्थाको कारणले, बढ्दो मूल्यको प्रभावलाई कम गर्न उपभोक्ता र ब्यापारीहरुको लागि उचुनोमिया शहरले, उचुनोमिया शहर भित्र प्रयोग गर्न मिल्ने प्रिमियम गिफ्ट भौचर "मिया नो तोकु x तोकु टिकट/कुपन बिक्रि गर्दछौं।

**लक्षित व्यक्ति**

मिति २०२२/०७/०१ अथवा २०२२/१०/०१ मा उचुनोमिया सहरमा बसाइ सराई दर्ता भएको व्यक्ति हरुको ठेगानामा कुपन पठाएका छौं।
[पठाउने समयतालिका] (१) जुलाई १ मा उचुनोमिया मा दर्ता भएकाहरू : सेप्टेम्बरको सुरुवाती~
(२) अक्टोबर १ मा उचुनोमिया मा दर्ता भएकाहरू : अक्टोबरको अन्त्यबाट
(जुलाई २ पछि भित्र सरेकाहरूका लागि, ① मा प्राप्त गर्नेहरूलाई बाहेक)

**बिक्रि गर्ने अवधि**

२०२२/०९/२०(मंगलबार) देखि २०२२/१२/३१(शनिबार)

**प्रयोग गर्ने अवधि**

२०२२/१०/१(शनिबार) देखि २०२३/३/३१(शुक्रबार)




◀ भौचरको इमेज

**बिक्रि सम्पर्क**

सामान्य दिनहरु: शहर भित्र रहेको ६६वटा हुलाक बैंक
बिदाको दिनहरु: हिगाशी-चुओ हुलाक कार्यालय 5 वा बढी ठूला व्यावसायिक सुविधाहरू

**बिक्रि मूल्य**

१ जना व्यक्तिले ६००० येन (५०० येन को १२ वटा कुपन)को कुपन ५००० येनमा २ वटा किन्न सक्नुहुनेछ।
१८ वर्षभन्दा कम उमेरको हुनुहुन्छ भने, तपाईंको अभिभावकले तपाईंको तर्फबाट खरिद गर्न सक्नुहुनेछ।

**किन्ने तरिका**

तपाईंले माथिको बिक्री काउन्टरमा हुलाक मार्फत प्राप्त खरिद भौचर ल्याई, आफ्नो परिचय पत्र देखाएर प्रिमियम भौचर किन्न सक्नुहुनेछ।

**प्रयोग हुने स्टोर**

शहरको खुद्रा/सेवा पसल र रेस्टुरेन्टहरू
* स्टोर विवरणहरूको लागि, कृपया बिक्री केन्द्र वा तलको वेबसाइटमा हेर्नुहोला।

## पर्याप्त मात्रामा भौचर भएको हुनाले , भौचर सकिनेपो होकी भनेर चिन्ता लिनु पर्दैन। भिडभाड नगरी फुर्सदको समय निकालेर किन्न सक्नु हुनेछ ।




■सम्पर्क■
उचुनोमिया सहर प्रिमियम भौचर कल सेन्टर
फोन: ०२८-६५१-३७१० (सोम देखि शुक्रबार १० बजे देखि १७ बजे सम्म)

◀ होमपेज

# मिया नो तोकु x तोकु टिकट/कुपनको प्रयोग गर्ने प्रक्रिया

## ① खरिद भौचर र आफ्नो आईडी लगेर भौचर बिक्रि केन्द्र मा जानुहोस ।

・बिक्री काउन्टरमा निम्न ❶ र ❷ ल्याउनुहोस् (अगाडि हेर्नुहोस्)
❶संलग्न खरिद भौचर
❷भौचर खरिद गर्ने सूचीमा रहेको कुनै एक व्यक्तिको आईडी
(कुनै एक जनाको आईडी भए हुन्छ)




सूचीको कुनै पनि व्यक्तिको आईडी

आईडी कार्डका उदाहरणहरु (म्याद नसकेको आईडी कार्ड हुनुपर्नेछ।)
चालक अनुमतिपत्र, ड्राइभिङ इतिहास प्रमाणपत्र, माई नम्बर कार्ड, राहदानी, स्वास्थ्य बीमा कार्ड, वृद्धहरूको चिकित्सा बीमा कार्ड, दीर्घकालीन हेरचाह बीमा कार्ड,
अपाङ्गता भएका व्यक्तिको पुस्तिका, नर्सिङ ह्यान्डबुक, आवास कार्ड विशेष स्थायी निवासी कार्ड,
आधारभूत निवासी दर्ता कार्ड, पेन्सन बुक, पेन्सन प्रमाणपत्र, सार्वजनिक सहायता प्राप्तकर्ता प्रमाणपत्र,
निवासको प्रमाणपत्र (ज्युमिन्ह्यो, ३ महिना भित्र जारी गरिएको), आदि।

・प्रतिनिधि द्वारा खरिद पनि सम्भव छ। माथि ❶ र ❷ को अतिरिक्त, प्रतिनिधिको परिचय पत्र आवश्यक छ।

## ② आफुलाई चाहिने मात्रामा भौचर खरिद गर्नुहोस ।




・खरिद गर्नको लागि आफ्नो खरिद भाउचर र आईडी काउन्टरमा प्रस्तुत गर्नुहोस्।
・भौचर १ बुक बाट खरिद गर्न सक्नु हुनेछ, र कोटा नपुगेसम्म असिमित खरिद गर्न सक्नुहुनेछ।
・१ जनाले २ बुक सम्म खरिद गर्न सक्नु हुनेछ।

＜बिक्री सम्पर्क＞
सामान्य दिनहरु: शहर भित्र रहेको ६६वटा हुलाक बैंक (बिक्री समय ९:००-१७:००)
हिगासी / च्यूओउ / मिनामी / खावाची हुलाक कार्यालय मात्र （बिक्री समय ९:००-१८:००）

बिदाको दिनहरु: हिगासी / च्यूओउ हुलाक कार्यालय
（बिक्री समय शनिबार ९:००-१७:००, आइतबार र बिदाको दिनहरु९:००-१२:३०）
५ वा बढी ठूला व्यावसायिक सुविधाहरू

छुट्टीको समयमा बिक्रि गर्ने केन्द्रको विवरणहरूको लागि वेबसाइटमा हेर्नुहोला।




▼सामान किनेपछि भौचरमा छाप लगाइनेछ।

## ③ सहरका डिलरहरूमा भौचरको प्रयोग



・पोस्टर र POP चिन्ह भएको शहरको पसलहरुमा प्रयोग गर्न सक्नु हुनेछ।
・खुद्रा पैसा फिर्ता नहुने भएर पुरै रकम बराबरको सामान खरिद गर्नुहोला।
・प्रयोग गर्न मिल्ने पसलहरुको बारेमा , भौचर बिक्रि गर्ने ठाउँ र वेबसाइट मा हेर्न सक्नुहुनेछ।

**"प्रिमियम भौचर" भनि बहाना गर्दै "बैंक ट्रान्सफर ठगि" र "व्यक्तिगत जानकारीको चोरी" हुने भएर सावधान रहनुहोस्।**